विधेयक संख्या :

# सर्वोच्च अदालत ऐनलाई संशोधन गर्न बनेको विधेयक

व्यवस्थापिका-संसद सचिवालय

संसद भवन

सिंहदरबार

# उद्देश्य र कारण

नेपालको संविधानको धारा १३३ मा सर्वोच्च अदालतको अधिकारक्षेत्रको विषयमा व्यवस्था भएको र सोही धाराको उपधारा (६) मा सर्वोच्च अदालतको अन्य अधिकार र कार्यविधि संघिय कानून बमोजिम हुने व्यवस्था रहेकाले संविधानको उक्त व्यवस्थाको कार्यान्वयन गर्न तथा संविधानले सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतको व्यवस्था गरी सर्वोच्च अदालतको अधिकारक्षेत्र र यसको प्रयोगको सम्बन्धमा गरेको व्यवस्थाको सन्दर्भमा सर्वोच्च अदालत ऐन, २०४८ को कतिपय व्यवस्थालाई नेपालको संविधान अनुकुल बनाउन आवश्यक भएकोले यो विधेयक पेश गरेको छु ।

अग्नि प्रसाद खरेल

मन्त्री

कानून, न्याय तथा संसदीय मामिला

## प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

सर्वोच्च अदालत ऐनलाई संशोधन गर्न बनेको विधेयकमा रहेको प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी देहाय बमोजिम पेश गरिएको छ :-

| क्र.सं. | दफा | प्रत्योजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | ३ | सर्वोच्च अदालतको खास प्रकृतिका प्रशासनिक कार्य सम्पादनमा सहजता ल्याउन समिति वा कार्यदल गठन गर्ने व्यवस्था गर्न आवश्यक भएकाले । | न्यायिक बाहेकका अन्य कामको लागि पूर्ण बैठक वा प्रधान न्यायाधीशले काम, कर्तव्य र कार्यविधि तोकि समिति वा कार्यदल गठन गर्न सक्ने । | सर्वोच्च अदालतको प्रशासनिक काम कारवाहीमा प्रभावकारिता आउने । |
| २. | ५ | अभिलेख अदालतको रुपमा रहेको सर्वोच्च अदालतको फैसला वा अन्तिम आदेश अभिलेख गर्ने सम्बन्धमा विस्तृत व्यवस्था गर्न आवश्यक भएकाले । | सधैंका लागि अभिलेख राखिने लिखत तथा अभिलेखको प्रक्रिया निर्धारण हुने । | सधैंका लागि अभिलेख राख्नु पर्ने लिखतको विषयमा प्रष्ट हुने र अभिलेख व्यवस्थित हुने । |
| ३ | ७ | मुख्य रजिष्ट्रारको व्यवस्था गरिएकाले निजको काम, कर्तव्य र अधिकार निर्धारण गर्न आवश्यक भएकाले । | मुख्य रजिष्ट्रारबाट सम्पादन गर्न सकिने काम तथा निजको कर्तव्य र अधिकारको विषयमा विस्तृत व्यवस्था हुने । | सर्वोच्च अदालतबाट सम्पादन हुने कार्य मध्ये मुख्य रजिष्ट्रारबाट हुने काम, कर्तव्यको व्यवस्था भई कार्य सम्पादनमा प्रष्टता र सहज हुने । |
| ४ | ८ | सर्वोच्च अदालतको अधिकार क्षेत्रको प्रयोग गर्दा के कस्तो विषय कुन इजलासबाट प्रयोग हुने विषय तथा प्रशासनिक तथा न्यायिक कार्यको विषयमा विस्तृत कार्यविधि नियमबाट निर्धारण गर्न आवश्यक भएकाले । | सर्वोच्च अदालतको न्यायिक तथा प्रशासनिक कार्यविधिको निर्धारण हुने । | न्यायिक तथा प्रशासनिक कार्यविधि निर्धारण भई न्याय सम्पादन सहज हुने । |

# सर्वोच्च अदालत ऐनलाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना : सर्वोच्च अदालत ऐन, २०४८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "सर्वोच्च अदालत (पहिलो संशोधन) ऐन, २०७३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. सर्वोच्च अदालत ऐन, २०४८ को दफा ४ मा संशोधन : सर्वोच्च अदालत ऐन, २०४८ (यस पछि "मूल ऐन" भनिएको) को दफा ४ को,-

(१) उपदफा (१) मा रहेका "संयुक्त, पूर्ण वा विशेष इजलासबाट" भन्ने शब्दहरुको सट्टा "संयुक्त इजलास, पूर्ण इजलास, बृहत पूर्ण इजलास वा संवैधानिक इजलासबाट" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (२) मा रहेका "रजिष्ट्रारबाट" भन्ने शब्दको सट्टा "मुख्य रजिष्ट्रारबाट" भन्ने शब्दहरु राखिएका छन् ।

३. मूल ऐनमा दफा ४क. र ४ख. थप : मूल ऐनको दफा ४ पछि देहायका दफा ४क. र ४ख. थपिएका छन् :-

"४क. आदेश जारी गर्ने : सर्वोच्च अदालतले संविधानको धारा १३३ को उपधारा (१) बमोजिम कुनै कानूनलाई प्रारम्भ देखिनै वा निर्णय भएको मिति देखि अमान्य वा बदर घोषित गर्दा उपयुक्त आदेश जारी गर्न सक्नेछ ।

४ख. समिति वा कार्यदल गठन गर्न सक्ने : सर्वोच्च अदालतका न्यायाधीशहरुको पूर्ण बैठक वा प्रधान न्यायाधीशले दफा ४ मा उल्लिखित काम बाहेक अन्य कामको लागि आवश्यकता अनुसार समिति वा कार्यदल गठन गरी त्यस्तो समिति वा कार्यदलको काम, कर्तव्य तथा कार्याविधि तोक्न सक्नेछ ।"

४. मूल ऐनको दफा ५ मा संशोधन : मूल ऐनको दफा ५ मा रहेका "शुरु कारबाही गरेको मुद्दामा" भन्ने शब्दहरुको सट्टा "शुरु कारबाही गरेको मुद्दा र मुलुकी ऐन अदालती बन्दोवस्तको महलको १९४ नं. बमोजिम सुविधा पाएको मुद्दामा" भन्ने शब्दहरु राखिएका छन् ।

५. मूल ऐनमा दफा ५क. थप : मूल ऐनको दफा ५ पछि देहायको दफा ५क. थपिएको छ :–

"५क. सर्वोच्च अदालत अभिलेख अदालतको रुपमा रहने : सर्वोच्च अदालत अभिलेख अदालत हुनेछ । सर्वोच्च अदालतले गरेको फैसला, अन्तिम आदेश तथा तोकिएका न्यायिक कारबाही सम्बन्धी लिखत तोकिए बमोजिम सधैंका लागि सुरक्षित राखिनेछ ।"

६. मूल ऐनको दफा ७ मा संशोधन : मूल ऐनको दफा ७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएकोछ :-

"(१) सर्वोच्च अदालतले आफ्नो वा मातहतका अदालतबाट भएको आदेश वा फैसलाको कसैले अवज्ञा गरेमा वा न्याय सम्पादनको कार्यमा अवरोध गरेमा एक वर्षसम्म कैद वा दशहजार रुपैंयाँसम्म जरिवाना वा दुवै सजाय वा अन्य उपयुक्त आदेश गर्न सक्नेछ ।"

७. मूल ऐनको दफा ९ मा संशोधन : मूल ऐनको दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छ :–

"९. मुख्य रजिष्ट्रार : (१) सर्वोच्च अदालतमा एक जना मुख्य रजिष्ट्रार रहनेछ ।

(२) मुख्य रजिष्ट्रारले प्रधानन्यायाधीशको सामान्य निर्देशन र नियन्त्रणमा रही सर्वोच्च अदालतको प्रशासकीय प्रमुखको रुपमा काम गर्नेछ ।

(३) मुख्य रजिष्ट्रारको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(४) मुख्य रजिष्ट्रारले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार रजिष्ट्रार वा मातहतका अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।"

८. मूल ऐनको दफा ११ मा संशोधन : मूल ऐनको दफा ११ को उपदफा (२) मा रहेको "खासगरी" भन्ने शब्द झिकी सोही उपदफाको खण्ड (क) र (च) को सट्टा देहायका खण्ड (क) र (च) राखिएका छन्:-

"(क) सर्वोच्च अदालतको अधिकारक्षेत्रको प्रयोग एक जना न्यायाधीशको इजलास वा एकभन्दा बढी न्यायाधीशको संयुक्त इजलास, पूर्ण इजलास, बृहत पूर्ण इजलास वा संवैधानिक इजलासबाट गर्ने विषय ।

(च) अदालतको प्रशासनिक काम कारबाही एवं न्यायिक कार्यविधि सम्बन्धी अन्य विषय ।"

## सर्वोच्च अदालत ऐनलाई संशोधन गर्न बनेको विधेयकको तीन महले विवरण

| क्र.सं. | सम्बन्धित दफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|---|
| १. | दफा ४ | ४.सर्वोच्च अदालतको अधिकारक्षेत्रको प्रयोगः (१) सर्वोच्च अदालतबाट मुद्दा मामिलाको सुनवाई र किनारा गर्ने अधिकारको प्रयोग तोकिए बमोजिम एक जना न्यायाधीशको इजलासबाट वा एक भन्दा बढी न्यायाधीशहरुको संयुक्त, पूर्ण वा विशेष इजलासबाट हुनेछ । (२)उपदफा (१) मा लेखिएदेखि बाहेक सर्वोच्च अदालतलाई भएको अन्य अधिकारको प्रयोग तोकिए बमोजिम सर्वोच्च अदालतका न्यायाधीशहरुको पूर्ण बैठक, समिति वा सर्वोच्च अदालतको रजिष्ट्रारबाट हुनेछ । | २. सर्वोच्च अदालत ऐन, २०४८ को दफा ४ मा संशोधन : सर्वोच्च अदालत ऐन, २०४८ (यस पछि "मूल ऐन" भनिएको) को दफा ४ को,- (१) उपदफा (१) मा रहेका "संयुक्त, पूर्ण वा विशेष इजलासबाट" भन्ने शब्दहरुको सट्टा "संयुक्त इजलास, पूर्ण इजलास, बृहत पूर्ण इजलास वा संवैधानिक इजलासबाट" भन्ने शब्दहरु राखिएका छन् । (२) उपदफा (२) मा रहेका "रजिष्ट्रारबाट" भन्ने शब्दको सट्टा "मुख्य रजिष्ट्रारबाट" भन्ने शब्दहरु राखिएका छन् । | नेपालको संविधानमा संवैधानिक इजलास सम्बन्धी व्यवस्था रहेको सन्दर्भमा उक्त इजलास समेत ऐनमा समावेश गर्न र विषेश इजलासको सट्टा बृहत पूर्ण इजलासको व्यवस्था गर्न आवश्यक भएकोले । सर्वोच्च अदालतको प्रशासनिक काम मुख्य रजिष्ट्रारबाट गराउन आवश्यक भएकोले । |
| २. | दफा ४क. र ४ख. थप | **नयाँ व्यवस्था थप** | ३. मूल ऐनमा दफा ४क. र ४ख. थप : मूल ऐनको दफा ४ पछि देहायका दफा ४क. र ४ख. थपिएका छन् :- "४क.आदेश जारी गर्ने : सर्वोच्च अदालतले संविधानको धारा १३३ को उपधारा (१) बमोजिम कुनै कानूनलाई प्रारम्भ देखिनै वा निर्णय भएको मिति देखि अमान्य वा बदर घोषित गर्दा उपयुक्त आदेश जारी गर्न सक्नेछ । ४ख. समिति वा कार्यदल गठन गर्न सक्ने : सर्वोच्च अदालतका न्यायाधीशहरुको पूर्ण बैठक वा प्रधान न्यायाधीशले दफा ४ मा उल्लिखित काम बाहेक अन्य कामको लागि आवश्यकता अनुसार समिति वा कार्यदल गठन गरी त्यस्तो समिति वा कार्यदलको काम, कर्तव्य तथा कार्याविधि तोक्न सक्नेछ ।" | नेपालको संविधान अनुकुलको व्यवस्था गर्न आवश्यक भएको । सर्वोच्च अदालतको अन्य कामलाई छिटो छरितो सरल, पारदर्शी बनाउन समिति तथा कार्यदल मार्फत गराउन आवश्यक भएकाले । |
| ३. | दफा ५ | ५. तारिख सम्बन्धी विशेष व्यवस्थाः सर्वोच्च अदालतले शुरु कारबाही गरेको मुद्दामा बाहेक अन्य मुद्दामा सम्बन्धित पक्षले चाहेमा तारिखमा नबसी मुद्दाको पुर्पक्ष गर्न सक्नेछ । पक्षले कानून व्यवसायी राखेको भए निजलाई नै अदालतले पक्षको प्रतिनिधि मानी मुद्दाको पुर्पक्ष गरी दिन सक्नेछ । | ४. मूल ऐनको दफा ५ मा संशोधन : मूल ऐनको दफा ५ मा रहेका "शुरु कारबाही गरेको मुद्दामा" भन्ने शब्दहरुको सट्टा "शुरु कारबाही गरेको मुद्दा र मुलुकी ऐन अदालती बन्दोवस्तको महलको १९४ नं. बमोजिम सुविधा पाएको मुद्दामा" भन्ने शब्दहरु राखिएका छन् । | मुलकी ऐन अदालती बन्दाबस्तको महलको १९४ नं. मा भएको फौजदारी मुद्दामा कैदको सजाय पाएकोलाई सो फैसला उपर पुनरावेदन गर्ने स्याद सम्मलाई धरौटी वा जमानीमा छाडेको व्यवस्थालाई समेत समावेश गर्न उपयुक्त हुने भएकोले । |
| ४. | दफा ५क थप | नयाँ व्यवस्था थप | ५.मूल ऐनमा दफा ५क. थप : मूल ऐनको दफा ५ पछि देहायको दफा ५क. थपिएको छ :– | |

| | | | | |
|---|---|---|---|---|
| | | | "५क. सर्वोच्च अदालत अभिलेख अदालतको रुपमा रहने : सर्वोच्च अदालत अभिलेख अदालत हुनेछ । सर्वोच्च अदालतले गरेको फैसला, अन्तिम आदेश तथा तोकिएका न्यायिक कारबाही सम्बन्धी लिखत तोकिए बमोजिम सधैंका लागि सुरक्षित राखिनेछ ।" | सर्वोच्च अदालत अभिलेख अदालत हुने संवैधानिक व्यवस्था रहेकाले सो अदालतको अभिलेख प्रणालीमा थप व्यवस्था गर्न आवश्यक भएकाले । |
| **५.** | **दफा ७** | ७. सर्वोच्च अदालत र मातहतका अदालतको अवहेलना: (१) सर्वोच्च अदालतले आफ्नो र आफ्ना मातहतका अदालत वा न्यायिक निकायहरुको अवहेलनामा कारबाही चलाएको मुद्दामा कसूरदार ठहराएको व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय गर्न सक्नेछ । | ६. मूल ऐनको दफा ७ मा संशोधन : मूल ऐनको दफा ७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएकोछ :- "(१) सर्वोच्च अदालतले आफ्नो वा मातहतका अदालतबाट भएको आदेश वा फैसलाको कसैले अवज्ञा गरेमा वा न्याय सम्पादनको कार्यमा अवरोध गरेमा एक वर्षसम्म कैद वा दशहजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय वा अन्य उपयुक्त आदेश गर्न सक्नेछ ।" | नेपालको संविधानको धारा १२८ को उपधारा (४) मा भएको व्यवस्था अनुकुल बनाउन आवश्यक भएकाले । |
| **६.** | **दफा ९** | ९. रजिष्ट्रार: (१) प्रधान न्यायाधीशको सामान्य निर्देशन र नियन्त्रणमा रही रजिष्ट्रारले सर्वोच्च अदालतको प्रशासकीय प्रमुखको काम गर्नेछ ।<br>(२) रजिष्ट्रारको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।<br>(३) रजिष्ट्रारले आफूलाई भएको अधिकार मातहतका अधिकृत कर्मचारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ । | ७. मूल ऐनको दफा ९ मा संशोधन : मूल ऐनको दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छ :–<br>"९. मुख्य रजिष्ट्रार : (१) सर्वोच्च अदालतमा एक जना मुख्य रजिष्ट्रार रहनेछ ।<br>(२) मुख्य रजिष्ट्रारले प्रधानन्यायाधीशको सामान्य निर्देशन र नियन्त्रणमा रही सर्वोच्च अदालतको प्रशासकीय प्रमुखको रुपमा काम गर्नेछ ।<br>(३) मुख्य रजिष्ट्रारको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।<br>(४) मुख्य रजिष्ट्रारले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार रजिष्ट्रार वा मातहतका अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।" | उच्च अदालतहरुमा रजिष्ट्रार रहने सन्दर्भमा समेत सर्वोच्च अदालतको प्रशासनिक प्रमुखको रुपमा मुख्य रजिष्ट्रारको व्यवस्था गर्न आवश्यक भएकोले । |
| **७.** | **दफा ११** | ११.नियम बनाउने अधिकार: (१) ...<br>(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी खास गरी देहायका विषयहरुमा नियम बनाउन सकिनेछ:-<br>(क) सर्वोच्च अदालतको अधिकारक्षेत्रको प्रयोग एक जना न्यायाधीशको इजलासबाट वा एक भन्दा बढी न्यायाधीशको संयुक्त, पूर्ण वा विशेष इजलासबाट गर्ने विषय ।<br>(च) अदालतको काम कारवाही सम्बन्धी अन्य विषय । | ८. मूल ऐनको दफा ११ मा संशोधन : मूल ऐनको दफा ११ को उपदफा (२) मा रहेको "खासगरी" भन्ने शब्द झिकी सोही उपदफाको खण्ड (क) र (च) को सट्टा देहायका खण्ड (क) र (च) राखिएका छन्:-<br>"(क) सर्वोच्च अदालतको अधिकारक्षेत्रको प्रयोग एक जना न्यायाधीशको इजलास वा एकभन्दा बढी न्यायाधीशको संयुक्त इजलास, पूर्ण इजलास, बृहत पूर्ण इजलास वा संवैधानिक इजलासबाट गर्ने विषय ।<br>(च) अदालतको प्रशासनिक काम कारबाही एवं न्यायिक कार्यविधि सम्बन्धी अन्य विषय ।" | सर्वोच्च अदालतको न्यायिक कार्यविधि सम्बन्धमा नियमावलीमा व्यवस्था गर्न आवश्यक भएकाले ।<br><br>सर्वोच्च अदालतको नियम बनाउने विषय स्पष्ट गर्नु परेकाले । |